# पाठ ८

# हाम्रा घरहरू

प्रभुको निम्ति कामदार बन्नका लागि रूपियाँ-पैसा र सम्पत्तिलाई कसरी परिचालन गर्ने भनी जान्नु मात्र महत्त्वपूर्ण माग होइन । प्रेरित पावलले हामीलाई भनेका छन् कि मण्डली अगुवा वा सहयोगीको आधारभूत भागचाहिँ उनी आफ्नो घरको पनि असल कारिन्दा हुनुपर्छ । वास्तवमा, उनको तर्क अति नै साधारण छः यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, त्यसले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र (१ तिमोथी ३:५)? परमेश्वरका शिक्षाहरूअनुसार आफ्नो परिवारलाई सञ्चालन गर्ने बारेमा यहाँ पावलले सम्बोधन गरेका छन् ।

ख्रीष्टियान सेवक वा विश्वासीका रूपमा, तपाईंको घरको असल कारिन्दा हुनका लागि तपाईंले के गर्नुपर्छ भन्ने कुरा तपाईंले जान्नुपर्छ । यो आवश्यकता पूरा गर्नका लागि सहयोग पुऱ्याउन यो पाठ लेखिएको हो । यस पाठको तपाईंको अध्ययनद्वारा, तपाईंको परिवारलाई कसरी चलाउने र परमेश्वरले चाहनुभए अनुसार तपाईंको घरलाई कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा तपाईंले सिक्नुहुनेछ । तपाईंले आफ्नो समुदाय वा मण्डलीमा पनि यी शिक्षाहरूलाई बाँड्न सक्नुहुनेछ ।

**पाठको रूपरेखा**

खीष्टियान परिवार

यसका स्थापक



यसको नमूना

यसका सदस्यहरूका कर्तव्यहरू

यसका कारिन्दाको भूमिका

खीष्टियानको घर

प्रभुको उपस्थितिको निम्ति ठाउँ

अतिथिहरूका निम्ति आश्रय

समुदायको निम्ति साक्षी

**पाठका उद्देश्यहरू**

यस पाठको अध्ययनपछि तपाईंलेः

- खीष्टियान परिवारको कारिन्दासहित प्रत्येक सदस्यका कर्तव्यहरूको वर्णन गर्न सक्नुपर्नेछ
- परमेश्वरको महिमाको निम्ति तपाईंले आफ्नो घरलाई प्रयोग गर्न सक्ने विभिन्न तरीकाहरूको सूची बनाउन सक्नुपर्नेछ ।
- आफ्नो घरमा कारिन्दापनको अभ्यासको महत्त्वपूर्णतालाई महसूस गर्न सक्नुपर्नेछ ।

## सिक्ने क्रियाकलापहरू

१. पाठलाई ध्यानसँग पढ्नुहोस् र यसको प्रत्येक भागलाई अध्ययन गर्नुहोस्।

२. अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस् र दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरूलाई जाँच्नुहोस्। तपाईंले पाठलाई पूरा गर्नुभएपछि, यसको समीक्षा गर्नुहोस्। तब स्वयम्- जाँच लिनुहोस् र आफ्ना उत्तरहरू जाँच्नुहोस्।

३. तपाईंले यस पाठलाई अध्ययन गर्नुहुँदा, तपाईंले सिक्नुभएका सत्यताहरूलाई तपाईंको जीवनको भाग बनाउनका लागि प्रभुको सहायता माग्नुहोस्। तपाईंले अहिले नै प्रयोग गर्न शुरु गर्न सक्नुहुने केही सिद्धान्तहरूलाई तपाईंले पत्ता लगाउन सक्नुहुनेछ !

## मुख्य शब्दहरू

| | | |
|---|---|---|
| प्रतिकूलता | निरंकुशता | हरियाली ठाउँ |
| स्वेच्छाचारी | स्थापक | स्रोत |
| अधिकार | आश्रय-स्थान | चिन्ह |
| प्रतिबद्धता | सच्चरित्रता | |

## पाठ विकास



## ख्रीष्टियान परिवार

### यसका स्थापक

उद्देश्य १. *कसरी परमेश्वर परिवारका स्थापक र मालिक हुनुहुन्छ भन्ने कारणलाई पहिचान गर्नुहोस्।*

परमेश्वर परिवारका स्थापक हुनुहुन्छ । उहाँले पुरुष र स्त्रीलाई सृष्टि गर्नुहुँदा यसलाई स्थापित गर्नुभयो (उत्पत्ति १:२७) र सन्तान जन्माउनका लागि तिनीहरूलाई आज्ञा गर्नुभयो (उत्पत्ति १:२८) । परिवारका स्थापकका रूपमा, परिवारमाथि परमेश्वरको स्वामित्वको अधिकार छ । यो उहाँको परिवार हो, त्यसकारण उहाँ यसका मालिक हुनुहुन्छ ।

१. परमेश्वर परिवारका स्थापक र मालिक हुनुहुन्छ किनकि

क. मानिस पतन हुनेछ भनी उहाँलाई थाहा थियो ।

ख. उहाँले यसलाई सृष्टि गर्नुभयो ।

ग. उहाँका आज्ञा पालन गर्नका निम्ति उहाँले यसलाई आज्ञा गर्नुभएको छ ।

## यसको नमूना

उद्देश्य २. *खीष्टियान परिवारले पछ्याउनैपर्ने नमूनालाई वर्णन गर्नुहोस् ।*

खीष्टियान परिवार यस्तो हो जसका सदस्यहरू परमेश्वरद्वारा स्थापित गरिएको नमूनाअनुसार एकैसाथ बस्छन् । यस नमूनाको भाग हुनका लागि परमेश्वरले चाहनुभएको अधिकार र सम्बन्धका सिद्धान्तहरूलाई हेर्न १ कोरिन्थी ११:३ र एफिसी ५:२२-६:४ लाई पढ्नुहोस् । खीष्टलाई पतिका शिरका रूपमा र पत्नीलाई पतिका शिरका रूपमा देखाइएको छ । छोराछोरीहरू आफ्ना आमा-बाबुका अधीनमा हुन्छन् । अर्को प्रकारले भन्ने हो भने, प्रत्येक परिवारको सदस्य परमेश्वरले आफूमाथि राख्नुभएको सम्बन्धित अधिकारहरूको अधीनमा हुन्छ । यी सम्बन्धहरूलाई तलको रेखाचित्रमा देख्न सकिन्छ ।




तर त्यहाँ यसमा योभन्दा पनि बढी छ । परिवारभित्र नै यस अधिकारलाई कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा पनि यी पदहरूले देखाउँछन् । यो नमूनाचाहिँ

ख्रीष्ट र मण्डलीको बीचको सम्बन्ध हो । यो ख्रीष्टको अधिकार, नेतृत्व र प्रेमको उदाहरण हो जसलाई परिवारमा अधिकार अभ्यास गर्नेहरूद्वारा पछ्याइनुपर्छ । ख्रीष्ट कहिल्यै पनि निरंकुश वा स्वेच्छाचारी अगुवा हुनुहुन्नथ्यो । उहाँले प्रेमिलो निर्देशन र अगुवाइ दिएर र उदाहरणका रूपमा आफ्नो जीवन चढाएर चेलाहरूलाई अगुवाइ गर्नुभयो । सबैभन्दा ठूलोचाहिँ सम्पूर्ण परिवारका सदस्यहरूद्वारा उच्च अधिकारको रूपमा ख्रीष्टलाई स्वीकार गर्नैपर्छ । तब मात्र परमेश्वरको योजनाअनुसार परिवार सञ्चालित हुनसक्छ । वास्तवमा, साँचो ख्रीष्टियान परिवारको शिरको रूपमा ख्रीष्टलाई स्थान नदिउञ्जेल यस्तो परिवारको कल्पना गर्न असम्भव नै छ ।

२. ख्रीष्टयान परिवारले पछ्याउनुपर्ने नमूनालाई वर्णन गर्ने कुरालाई तपाईंका आफ्नै शब्दहरूमा दुइ वा तीन वाक्यहरूलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस् । यस नमूनाको बारेमा बताउने बाइबल पदहरू दिनुहोस् ।

## यसका सदस्यहरूका कर्तव्यहरू

उद्देश्य ३. *बाइबलले सिकाउने कुरासँग सहमत हुने परिवार सदस्यहरू बीचको सम्बन्धहरूका बारेका बयानहरूलाई पहिचान गर्नुहोस् ।*

परमेश्वरको योजनाअनुसार परिवारले काम गर्नका लागि यसका प्रत्येक सदस्यहरूले आ-आफ्ना कर्तव्यहरूलाई पूरा गर्नुपर्छ ।

*विवाहित दम्पत्तिहरू*

परिवारको निम्ति भएको आफ्नो योजनामा परमेश्वरले विवाहित दम्पत्तिलाई संलग्न गर्नुभयो । वास्तवमा उहाँले भन्नुभयो: “मानिस एकलो रहन असल छैन । म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु” (उत्पत्ति २:१८) । तर परमेश्वरले मानिसको शरीरबाट स्त्रीलाई बनाउनुभयो र विवाहद्वारा पुरुष र स्त्री फेरि एउटै शरीर हुनेछन् भनी बताउनुभयो (उत्पत्ति २:२४) ! यी सबैमा कति गहिरो रहस्य छ (एफिसी ५:३२-३३) !

यस एकतालाई सुरक्षित राख्नका लागि परमेश्वरले केही नियमहरू स्थापित गर्नुभएको छ जसलाई दुवै जीवन-साथीहरूले पछ्याउनैपर्छ :

१. *एक अर्काका निम्ति आफूलाई दिन इन्कार नगर्नुहोस् ।* वैवाहिक सम्बन्धहरूलाई सम्बोधन गर्दै १ कोरिन्थी ७:३-३ मा प्रेरित पावलले यसरी नै बताएका छन् । के

यसले तपाईंलाई अचम्भित पार्छ ? यौन सम्पर्कहरूका गल्ती प्रयोगका बारेमा बाइबलले धेरै बताएको छ, तर यो खण्डले ठीक प्रयोगको बारेमा सिकाएको छ। अनि, यौन सम्बन्धहरूको ठीक प्रयोग विवाहको क्षेत्रभित्र मात्र सीमित छ।

दम्पत्तिको शारीरिक सम्पर्कद्वारा विवाह शुरु हुन्छ (उत्पत्ति २:२४)। यो अति नै स्वाभाविक हुन्छ र यस सम्पर्कको निरन्तरताको निम्ति बाइबलले हामीलाई एक नमूना प्रस्तुत गरेको छ। यस नमूनाअनुसार, प्रत्येक जीवनसाथीले अर्को जीवनसाथीको यौन आवश्यकतालाई तृप्त पार्नैपर्छ, किनकि तिनीहरूको शरीर अब तिनीहरूको आफ्नो होइन; तिनीहरू एक अर्काका हुन्। यदि दम्पत्तिले यो सिद्धान्तलाई पालन गरे र यसबाट आउने आदर्शलाई पछ्याए भने, तिनीहरूको विवाह आनन्दित हुनेछ र अविश्वासयोग्यता ठूलो रूपमा निरुत्साहित हुनेछ।

३. १ कोरिन्थी ७:३-५ पढ्नुहोस् र तलका प्रश्नहरूको उत्तर दिनुहोस्।

क. विवाहित जीवनसाथीहरूले कुन समयमा मात्र एक अर्कासँगको यौन सम्पर्कलाई तिरस्कार गर्नैपर्छ ?

.................................................................................................

ख. सबैभन्दा पहिले कुन शर्तलाई पूरा गर्नैपर्छ ?

.................................................................................................

२. *एक अर्काप्रति विश्वासयोग्य हुनुहोस्।* एक पुरुष र स्त्री विवाहमा प्रभुमा जोडिँदा, तिनीहरूले एक अर्कासँग विश्वासयोग्य रहने प्रतिज्ञा गरेका हुन्छन्। तर तिनीहरूका जीवनमा यी प्रतिज्ञाहरूलाई इज्जत गरिएको परमेश्वरले चाहनुहुन्छ। पति र पत्नी दुवैले याद गर्नैपर्छ कि तिनीहरूका शरीर सर्वप्रथम प्रभुका हुन् र त्यसपछि तिनीहरूका जीवनसाथीका हुन्।

प्रेरित पावलले उल्लेख गरेका छन् कि यदि कुनै विश्वासीले आफ्नो शरीरलाई बेश्यासँग यौन सम्पर्कमा जोड्यो भने, उसले ख्रीष्टको शरीरको त्यो अङ्गलाई त्यस बेश्याको शरीरको अङ्ग बनाउँछ! किनकि उसको शरीर ख्रीष्टको शरीरको अङ्ग हो (१ कोरिन्थी ६:१५-१७)। यसरी नै, यदि पतिहरू वा पत्नीहरूले आफ्ना शरीरलाई अर्को व्यक्तिसँग यौन सम्पर्कमा जोडे भने, तिनीहरूले आफ्नो जीवनसाथीको शरीरलाई त्यस व्यक्तिको शरीरमा जोडेका हुन्छन्! किनकि तिनीहरूका शरीर तिनीहरूका जीवनसाथीका हुन् र प्रत्येक शरीर जीवनसाथीसँग एउटै हुन्छ।

यसरी अविश्वास योग्यताचाहिँ प्रतिकूलता हो; यो दम्पत्तिको शरीरको एक भाग नौलो व्यक्तिको शरीरसँगको सम्पर्क हो । यसले विवाहमा धेरै नैराश्य ल्याउने कुरामा कुनै आश्चर्य छैन ।

३. *परमेश्वरले एकैसाथ जोड्नु भएकालाई नछुट्ट्याउनुहोस् ।* पति र पत्नीका रूपमा पुरुष र स्त्री एकसाथ आएका घडीबाट नै तिनीहरू अब दुइ हुँदैनन् भनी येशूले भन्नुभयो । त्यसपछि तिनीहरू एक मात्र हुन्छन् किनकि परमेश्वरले तिनीहरूलाई एकसाथ जोड्नुभएको छ (मत्ती १९:६) । यसले सम्बन्धबिच्छेदलाई पनि असामान्य बनाउँछ, परमेश्वरका कुराहरूमा मानवीय हस्तक्षेप । दम्पत्तिहरूले विवाहविच्छेद गर्नैहुँदैन किनकि परमैश्वरले एकैसाथ जोड्नुभएको कुरालाई छुट्ट्याउने कुनै अधिकार तिनीहरूसँग छैन ।

पुरानो करार समयमा विवाह विच्छेदको अनुमति दिइएको भए तापनि, मानिसहरूलाई सिकाउनको निम्ति कठिन भएको कारण नै यो अनुमति दिइएको थियो भनी येशूले सिकाउनुभएको कुरालाई हामीले बिर्सनु हुँदैन (मत्ती १९:८) । शुरुदेखि नै परमेश्वरले निर्धारण गर्नुभएको नमूना कहिल्यै रद्द भएको छैन ।

४. *एक अर्कालाई प्रेम गर्नुहोस् ।* कल्पनाशील वा भावनात्मक प्रेमको कारणले गर्दा एक पुरुष र स्त्रीले विवाह गर्छन् भन्ने धारणा आधुनिक समयमा अति प्रचलित छ । प्रेमलाई स्त्री र पुरुषका बीचमा पारस्पारिक आकर्षण भन्ने विचार गरिन्छ । अनि यो आकर्षण सकिएपछि, विवाहविच्छेद गर्ने कारण त्यहाँ भएकोजस्तो देखिन्छ । तर यसको विपरीत, एक अर्कालाई प्रेम गर्नू भनी बाइबलले दम्पत्तिलाई आज्ञा गरेको छ (एफिसी ५:२५; तीतस २:४) । आफूहरूले एक अर्कालाई प्रेम नगरेको कारण आफ्नो वैवाहिक जीवन समाप्त भयो भनी यदि कोही दम्पत्तिले विचार गरेका छन् भने, एक अर्कालाई तिनीहरूले प्रेम गर्न शुरु गर्ने समय यो हो, अर्थात् प्रभुले तिनीहरूलाई भन्नुभएका कुराहरूको तिनीहरूले आज्ञा पालन गर्नुपर्छ ।

प्रेमको बाइबलीय धारणा के हो ? शारीरिक र भावनात्मक अकर्षण मात्र यो हो भन्ने अर्थ निश्चय नै यसले दिँदैन । त्यस किसिमको प्रेममा त्यहाँ धेरै स्व-अभिलाषा हुन्छ । यसको विपरीत, बाइबलले सिकाउने प्रेम आफैलाई दिने प्रेम हो । प्रत्येक जीवनसाथीले अर्कोलाई के दिन सकिन्छ भन्ने बारेमा विचार गर्छ । १ कोरिन्थी १३:४-७ मा पावलले सिकाएको प्रेम यही नै हो । जीवनको हुरीबतासको पानीमा वैवाहिक जीवनको जहाजलाई पानीमा नै तैरहनका लागि यस प्रेमले मद्दत गर्छ ।

५. *एक अर्कामा आफूलाई अर्पण गर्नुहोस् ।* ख्रीष्टियान विवाहको निम्ति प्रतिबद्धता अति आवश्यक हुन्छ । यस प्रतिबद्धतामा एक अर्काप्रतिको प्रतिबद्धता र एकसाथ जिउनका लागि परमेश्वरमा गरिएको प्रतिबद्धता समावेश गरिएको हुन्छ । यसको अर्थ समझदारीका समस्याहरूलाई र हाम्रा वैवाहिक जीवनका कुनै बिन्दुमा हामी सबैलाई एक अर्कासँगको सम्बन्धमा समस्या दिने कुरालाई समाधान गर्ने तरीका भेट्टाउने प्रतिबद्धता भन्ने हुन्छ । विवाहको आधारमा प्रतिबद्धता समावेश भएपछि मात्र त्यहाँ वैवाहिक मित्रता र स्थिरताको निम्ति जग हुन्छ । ख्रीष्टका आफ्नैहरूका निम्ति भएको उहाँको प्रतिबद्धताले यस किसिमको प्रतिबद्धताको स्थिर गुणको सुन्दर उदाहरण हामीलाई दिन्छ (यूहन्ना १३:१) ।

६. *एक अर्कालाई आदर गर्नुहोस् ।* आफ्नो जोडी आदरको लागि योग्य छैन भनी एक जनालाई लागे पनि विवाहित दम्पत्तिमा एक अर्काको निम्ति पारस्पारिक आदर हुनुपर्छ (एफिसी ५:३३; १ पत्रुस ३:७) । एक अर्काको निम्ति तिनीहरूसँग उच्च सम्मान हुनुपर्छ । दुवै जना एउटै भएका हुनाले कुनैलाई पनि तल्लो दर्जाको भनी विचार गरिनु हुँदैन । यसोगर्दा आफैलाई होच्याएको जस्तो हुन्छ । पत्नीले आफ्ना पतिलाई आदर गर्नुपर्छ किनकि परमेश्वरले उनलाई तिनीमाथि अधिकारमा राख्नुभएको छ; अनि पतिले आफ्नी पत्नीलाई आदर गर्नैपर्छ किनकि परमेश्वरले उनलाई दिनुभएको योग्य जीवनसाथी तिनै हुन् र उनीसँग एकसाथ परमेश्वरको जीवनको वरदान प्राप्त गर्ने पनि तिनै हुन् (१ पत्रुस ३:७) ।

४. विवाहित दम्पत्तिहरूका बारेमा बाइबलले सिकाएअनुसार प्रत्येक ठीक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. अबदेखि उसो एक अर्कालाई प्रेम नगर्ने दम्पत्तिहरूले आफ्नो विवाहलाई निरन्तरता दिने कोशिश गर्नुहुँदैन ।

ख. पत्नी वा पतिले आफ्नो जीवनसाथीको शारीरिक आवश्यकताहरूलाई तृप्त पार्न इन्कार गर्नुहुँदैन ।

ग. सम्बन्धबिच्छेद यस अर्थमा गल्ती हो कि छोराछोरीहरू यसबाट धेरै नै प्रभावित हुन्छन् ।

*पत्नीहरू*

ख्रीष्टियान पत्नीहरूका दुइ खास कर्तव्यहरूलाई बाइबलले उल्लेख गरेको छ ।

१. *आ-आफ्ना पतिहरूकहाँ आफूलाई अर्पण गर्नु।* शुरुका समयहरूमा पत्नीचाहिँ आफ्ना पतिकी कमारी हुन्थिन्, तर इस्राएलीहरूका बीचमा तिनको स्थानचाहिँ राम्रै थियो। यद्यपि, ख्रीष्टमा नै स्त्रीले आफ्नो साँचो मर्यादाको स्थान प्राप्त गरेकी छिन्, किनकि ख्रीष्टमा पुरुष र स्त्रीका बीचमा "कुनै भिन्नता" छैन (गलाती ३:२८)। तर विवाहमा परमेश्वरले सम्बन्ध, जिम्मेवारी र अधिकारको विशेष नमूना दिनुभएको छ।

एफिसी ५:२२-२३ मा हामी देख्छौं कि घरको निम्ति नेतृत्व र अगुवाइ जुटाउने जिम्मेवारी पतिको हो भने ख्रीष्टको नेतृत्वमा मण्डलीले आफूलाई अर्पण गरेझैं पत्नीले पनि आफ्ना पतिको नेतृत्व र अधिकारमा आफूलाई अर्पण गर्नुपर्छ (एफिसी ५:२२, २४; कलस्सी ३:१८; तीतस २:५; १ पत्रुस ३:१, ५)।

आफूलाई अर्पण गर्नु वा अधीनमा बस्नुको अर्थ के हो भनी बुझ्न कतिपय पत्नीहरूका लागि कठिन पर्छ। जीवनका हरेक क्षेत्रमा पुरुष र स्त्रीका बीचमा पूर्ण समानता हुनैपर्छ भनी तिनीहरू विचार गर्छन्। तर यो यथार्थवादी हुँदैन, किनकि पुरुष र स्त्रीहरू धेरै किसिममा भिन्ना भिन्नै हुन्छन्। परमेश्वरको सामु प्रत्येकको उही आत्मिक अधिकारहरू र जिम्मेवारीहरू छन् भन्ने कुरा सत्य हो। तर उही अधिकार भएका व्यक्तिहरूले आफ्ना अगुवाहरू हुनका लागि मानिसहरूलाई छान्छन् र आफू तिनीहरूका अधीनमा बस्छन्। अनि विवाहमा पनि घरको भाग बन्नका लागि पत्नीले स्वतन्त्र रूपमा छान्छिन् र घरको निम्ति परमेश्वरले योजना गर्नु भएको नमूनामा समावेश अधिकारमा आफूलाई सुम्पन्छिन्। पुरुष र स्त्रीहरूले एक अर्कासँग प्रतिस्पर्धा गरून् भन्ने परमेश्वरको चाहना छैन, तर तिनीहरू एक अर्काका पूरक भएर पूर्ण होऊन् भन्ने उहाँको इच्छा छ (१ कोरिन्थी ११:११-१२)। यो साँचो भएपछि मात्र आनन्द र मिलाप अस्तित्वमा रहन सक्छ।

२. *असल गृहपत्नीहरू हुनुहोस्।* परमेश्वरले पत्नीहरूमाथि दिनुभएको अर्को जिम्मेवारीचाहिँ घरको हेरचाहा गर्नु हो (तीतस २:५)। यस किसिमकी पत्नीले पाउने अचम्मको प्रशंसालाई हितोपदेश ३१:१०-३१ मा हेर्नुहोस्।

५. मानिलिऔं एक जवान पत्नीले यो प्रश्न सोधिन: "पुरुष र स्त्रीहरूका बीचमा कुनै भिन्नता छैन भनी गलाती ३:२८ ले भन्दाभन्दै म किन मेरा पतिका अधीनमा रहनुपर्ने ?" तपाईंले बाँड्न सक्नुहुने केही बाइबल पदहरूसहित तिनलाई दिइने प्रश्नको उत्तरलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस्।

*पतिहरू*

परमेश्‍वरले एउटा ठूलो कर्तव्य पतिमाथि राख्नुभएको छः आफ्नी पत्नीलाई प्रेम गर्नु (एफिसी ५:२५; कलस्सी ३:१९)। तर यस प्रेमका विशेषताहरू के हुन् त ? बाइबलका पदहरूका आधारमा अब हामी तिनीहरूलाई विचार गरौं।

१. *आफ्नी पत्नीको निम्ति भएको पतिको प्रेम निस्स्वार्थी हुन्छ।* आफ्नी पत्नीको निम्ति आफ्नो जीवन दिनका लागि पनि उनी तयार हुन्छन्, जसरी आफ्नो प्रेम अति महान् भएको कारण ख्रीष्टले पनि मण्डलीको निम्ति यही नै गर्नुभयो (एफिसी ५:२५)। यो साँच्चै नै पूर्णताको अभिव्यक्तिमा पुगेको साहसी प्रेम हो।

२. *आफ्नी पत्नीको निम्ति भएको पतिको प्रेम आफैलाई प्रेम गर्ने प्रेम हो।* यो अनौठो देखिन्छ, के यस्तो देखिँदैन र ? अझ बढी त यसले पहिलेको बयानलाई विरोधाभास गरेको जस्तो देखिन्छ; तर बाइबलले यसो भनेको छः "आफ्नी पत्नीलाई प्रेम गर्नेले आफैलाई प्रेम गर्छ" (एफिसी ५:२८)। आफ्नो छिमेकीलाई प्रेम गर्ने व्यक्तिले गरेझैं, उसले अरू कसैलाई प्रेम गर्दैन, तर उसले आफैलाई प्रेम गर्छ। आफ्नो शरीरलाई उसले प्रेम गरेझैं उसले आफ्नी पत्नीलाई प्रेम गर्छ; उसले आफ्नै शरीरको निम्ति गरेझैं उसले आफ्नी पत्नीको निम्ति खानेकुरा जुटाउँछ र तिनको हेरचाहा गर्छ, किनकि ती दुवै जना वास्तवमा एउटै हुन् (एफिसी ५:२९)। मण्डलीका आवश्यकता र सरोकारहरूप्रति ख्रीष्ट विचारशील हुनुभएझैं आफ्नी पत्नीका आवश्यकता र सरोकारहरूप्रति उनी विचारशील हुन्छन्। यसो गरेर मण्डली अर्थात् आफ्नो शरीरप्रति ख्रीष्टले गर्नु भएकोजस्तो व्यवहार उनले गरेका हुन्छन्।

३. *पत्नीका निम्ति भएको पतिको प्रेम नम्र प्रेम हो।* पतिले आफ्नी पत्नीसँग कठोर व्यवहार गर्दैनन् (कलस्सी ३:१९), तर तिनका कमजोरीप्रति विचारशील भई नम्रतासाथ व्यवहार गर्छन् (१ पत्रुस ३:७)। तिनलाई प्रेम र कोमलता देखाएर उनी अगुवाइ गर्छन्।

यस किसिमको प्रेमसँग आफ्नी पत्नीलाई प्रेम गर्ने पतिले आफ्नी पत्नीलाई अधीनमा राख्नका लागि कुनै पनि कठिनाइ भोग्नुपर्दैन। हामीले अर्को किसिममा पनि यसलाई राख्नसक्छौं: यस किसिममा आफूलाई प्रेम गर्ने पतिको अधीनमा रहनका लागि एउटी पत्नीलाई कुनै समस्या नै हुँदैन।

६. तलको प्रत्येक बयानको पछाडिपट्टि यदि बयान ठीक छ भने ठी र बेठीक छ भने बे लेख्नुहोस् । तब तपाईंको प्रत्येक उत्तरलाई समर्थन गर्ने कमसेकम एउटा बाइबल पदको सूची बनाउनुहोस् ।

क. एक पतिले आफ्नी पत्नीलाई प्रेम गर्दा,
उसले वास्तवमा आफैलाई प्रेम गरिरहेको
हुन्छ किनकि तिनीहरू एउटै हुन् । ............................

ख. परमेश्वरले पतिहरूलाई दिनुभएको मुख्य
जिम्मेवारी तिनीहरूका पत्नीहरूले के गर्नुपर्छ
भनी उनीहरूलाई बताउनु हो । ............................

ग. आफ्नी पत्नीको निम्ति भएको पतिको प्रेम
स्व-त्यागी हुने भएको हुनाले त्यो आफैलाई
प्रेम गर्ने किसिमको हुन सक्दैन । ............................

पत्नी आफ्ना पतिका अधीनमा रहनुपर्ने र पतिले आफ्नी पत्नीलाई प्रेम गर्नुपर्ने कर्तव्यहरूलाई बाइबलले अगाडि सारेको कुरालाई ध्यान दिनुहोस् । पतिले आफ्नै र पत्नीले पनि आफ्नै जिम्मेवारीहरूलाई बहन गर्नु र अर्को व्यक्तिलाई उसका जिम्मेवारीहरू पूरा गर्न दबाब दिने कोशिश नगर्नु अति नै महत्त्वपूर्ण छ । अर्थात्, पतिले आफ्नी पत्नी आफ्नो अधीनमा हुनैपर्छ भनी दवाव दिन मिल्दैन । यसो गर्नै सकिंदैन ! नता आफूलाई प्रेम गर्नैपर्छ भनी पत्नीले पतिलाई दवाव दिननै सक्छिन् । प्रत्येकले आफ्नो जिम्मेवारीलाई वहन गर्नुपर्छ र अर्कोको जिम्मेवारी उसैलाई छोडिदिनुपर्छ । नत्रभने, आफूलाई प्रेम नदेखाउञ्जेलसम्म एक पत्नी आफ्ना पतिका अधीनमा रहन चाहँदिनन् होला वा आफ्नी पत्नी आफ्नो अधीनमा नरहेसम्म पतिले आफ्नी पत्नीलाई प्रेम गर्न इन्कार गर्छन् होला । यसले “तिमी पहिला” भन्ने स्थिति सृजना गर्छ जसले परमेश्वरको नमूनालाई परिपूर्ति गर्नबाट दुवै जनालाई रोक्छ ।

*छोराछोरी*

ईश्वरीय आज्ञाअनुसार, छोराछोरीको कर्तव्य आफ्ना आमा-बाबुका आज्ञापालन गर्नु हो (एफिसी ६:१-३; कलस्सी ३:२०) । आमा-बाबुको अधिकारको आधार

परमेश्वरको अधिकार हो, जसलाई तिनीहरू घरमा प्रतिनिधित्व गर्छन् । छोराछोरीहरू किन आज्ञाकारी हुनुपर्छ भन्ने चार कारणहरू माथि उल्लिखित बाइबल खण्डले हामीलाई दिन्छ :

१. आज्ञाकारिता तिनीहरूको ख्रीष्टियान कर्तव्य हो ।

२. आज्ञाकारिता गर्नुपर्ने ठीक कुरा हो ।

३. आज्ञाकारिताले परमेश्वरलाई प्रसन्न तुल्याउँछ ।

४. आफ्ना आमाबाबुको आज्ञापालन गर्नेहरूका निम्ति त्यहाँ सफलता र दीर्घायुको प्रतिज्ञा गरिएको छ ।

ख्रीष्ट आफै नै आज्ञाकारिताका सर्वोत्तम उदाहरण हुनुहुन्छ । उहाँले आफ्ना स्वर्गीय पिता (फिलिप्पी २:८) र साथसाथै उहाँका पार्थिव आमा-बाबु (लूका २:५१) को आज्ञापालन गर्नुभयो ।

*आमा-बाबु*

आफ्ना छोराछोरीलाई सिकाउन, अनुशासन गर्न र प्रेम गर्न परमेश्वरले आमा-बाबुलाई आज्ञा गर्नुभएको छ (एफिसी ६:४; तीतस २:४) ।

१. *आफ्ना छोराछोरीलाई सिकाउनुहोस् ।* आफ्ना छोराछोरी कसरी जिउनुपर्छ भनी आमा-बाबुले तिनीहरूलाई सिकाउनै पर्छ (हितोपदेश २२:६) । तपाईंको शिक्षणमा निम्न कुराहरू समावेश हुनैपर्छ :

क. परमेश्वरको वचन (व्यवस्था ६:७) । तपाईंको सबै शिक्षणको जग यही नै हो ।

ख. आज्ञाकारिता (उत्पत्ति १८:१९) । छोराछोरीले अधिकारको सिद्धान्तलाई सिक्नेछन् र नियम-कानुनलाई आदर गर्ने नागरिकका रूपमा वृद्धि हुनेछन् ।

ग. काम । अल्छे हुनबाट र अन्त्यमा अपराधी हुनबाट तपाईंले तिनीहरूलाई जोगाउनुहुनेछ ।

घ. कारिन्दापन । परमेश्वर र मानिसहरूका सामु यसले तपाईंका छोराछोरीलाई जिम्मेवारपूर्ण व्यक्तिहरू बनाउँछ ।

 

शिक्षणलाई प्रभावकारी बनाउनका निम्ति यसलाई व्यवहारमा उतार्नैपर्छ। यसोगर्ने एउटा तरीकाचाहिँ आज्ञापालन गर्न केटाकेटीका निम्ति नियमहरू बनाउनु हो। तर होशियार हुनुहोस्! तपाईं आफैले नै पालन गर्न नसक्नुहुने नियमहरू नबनाउनुहोस् (रोमी २:२१-२२)। तपाईंको शिक्षण तपाईंको उदाहरणद्वारा बलियो पारिनुपर्छ। यदि तपाईंले यसो गर्नुभएन भने तपाईंले आफ्ना छोराछोरीलाई अलमलमा पार्नुहुन्छ र भड्काउनुहुन्छ (कलस्सी ३:२१)।

२. *आफ्ना छोराछोरीलाई अनुशासन गर्नुहोस्।* यदि छोराछोरीले आमा-बाबुद्वारा बनाइएका नियमहरूलाई पालन गरेनन् भने, तिनीहरूलाई अनुशासन गरिनै पर्छ (हितोपदेश १९:१८; २९:१७)। सुधार केटाकेटीको निम्ति प्रेमको प्रदर्शन हो (हितोपदेश १३:२४)। अर्को किसिमले हेर्दा यसको कमीचाहिँ आमा-बाबुले आफ्ना छोराछोरीलाई प्रेम गर्दैनन् भन्ने कुराको प्रमाण हो।

बाइबलले शारीरिक वा दैहिक दण्डको प्रयोगको अनुमति दिन्छ (हितोपदेश २३:१३-१४)। तर आमा-बाबुले शारीरिक दण्डलाई प्रयोग गर्ने सम्बन्धमा होशियार हुनुपर्छ। यसले आमा-बाबुप्रति तीतोपना, रीस वा विरोध उत्पन्न गर्नसक्छ (एफिसी ६:४)। अनुशासनमा प्रेमिलो अगुवाइ समावेश भएको हुन्छ र अरू तरीकाहरू असफल भएका खण्डमा मात्र हलका शारीरिक दण्ड दिइनुपर्छ। तपाईंका छोराछोरीहरू घरिघरि अनाज्ञाकारी भएका समयलाई बेवास्ता गरी आफ्नो धैर्यको अन्त्य भएपछि मात्र तिनीहरूलाई अनुशासन गर्ने काम नगर्नुहोस्। त्यसो गर्नुभयो भने तिनीहरूका भूल सुधारको निम्ति होइन तर तपाईंको रीस पोख्नको निम्ति मात्र तपाईंले तिनीहरूलाई अनुशासन गर्नुभएको हुन्छ। तिनीहरू अनाज्ञाकारी हुँदा नै तिनीहरूलाई अनुशासन गर्नुहोस्। यसो गर्दा तिनीहरूको अनाज्ञाकारिता स्थापित नमूना बन्न पाउँदैन।

७. आफ्नो बालकलाई अनुशासन र सुधार गर्ने आमा-बाबुले प्रेम देखाएका हुन्छन् भनी तपाईं किन विचार गर्नुहुन्छ ?

..........................................................................................................

तपाईंका छोराछोरीलाई अनुशासन गर्दा यो पनि महत्त्वपूर्ण हुन्छ कि आमा-बाबुका रूपमा तपाईंलाई तपाईंका छोराछोरीद्वारा एकल अधिकारको रूपमा देख्नुपर्छ। आमा-बाबुका हैसियतमा, तपाईंको जोडीले छोराछोरीलाई सुधार गर्दा तिनीहरूका पक्षमा उभिने भूल नगर्नुहोस् । तपाईंले यसो गर्नुभयो भने, घरमा अधिकारलाई उपेक्षा गर्नुहुनेछ र आफूले कसको आज्ञापालन गर्नुपर्ने हो भन्ने कुरा छोराछोरीलाई थाहा हुँदैन । अनि अनाज्ञाकारिताको अवलोकन गर्नेले नै अनुशासन पनि गर्नुपर्छ। “तेरो बाबु (बा, आमा) घरमा आएपछि हामी तँलाई लट्ठी लगाउनेछौं” भनी बालकलाई नधम्काउनुहोस् । यदि बालकले गरेको कामले अनुशासनको माग गर्छ भने, तुरुन्तै गरिहाल्नुहोस् ।

अनुशासन आवश्यक हुँदा उसलाई किन अनुशासन गरिएको हो र भविष्यमा उसले कस्तो व्यवहार गर्नैपर्छ भन्ने कुरा ठीकसँग बालकलाई बताउनु अति महत्त्वपूर्ण हुन्छ। दण्ड दिईसकिएपछि आमा-बाबुले बालकलाई प्रेम, क्षमा र स्वीकार देखाउनै पर्छ। बालकको व्यवहारलाई सुधार गरिँदा पनि ऊ तिरस्कृत भएको अनुभूति उसलाई कहिल्यै दिइनुहुँदैन । जे भए पनि, हामी असफल हुँदा हामीप्रति क्षमाको प्रवृत्ति प्रभुसँग छैन र ? (नहेम्याह ९:१७; मीका ७:१८; लूका ७:३६-५०) ।

आफ्ना छोराछोरीसँग कुराकानी गर्नुहोस् । तिनीहरूका आवश्यकताहरू, विचारहरू र गनगनहरूका अभिव्यक्तिहरू सुन्नका लागि पनि इच्छुक हुनुहोस् । तिनीहरूलाई अनुशासनको आवश्यकता पर्नुभन्दा पहिले समस्याहरू आउनै नदिनका लागि तपाईंलाई सहयोग पुऱ्याउन तपाईंको खुला कान महत्त्वपूर्ण हुन्छ । आफ्ना छोराछोरीका कुराहरू सुन्न इच्छुक हुनुहोस् र तिनीहरूका दृष्टिकोणका बुँदाहरूलाई विचारशील र प्रार्थनापूर्ण ढङ्गमा हेर्नुहोस् । कहिलेकहीं तपाईंले भन्दा पनि उनीहरूले राम्रोसँग देख्न र बुझ्नसक्छन् भन्ने कुरालाई तपाईंले पत्ता लगाउनुहुनेछ !

३. *आफ्ना छोराछोरीलाई प्रेम गर्नुहोस् ।* आफ्ना छोराछोरीलाई प्रेम गर्नुपर्छ भनी प्रेरित पावलले सिकाएका छन् (तीतस २:४) । छोराछोरीलाई प्रेम गर्ने एउटा रूप अनुशासन हो भन्ने धारणालाई पनि हामीले अध्ययन गरिसकेका छौं । तर यो

मात्र चाहिँ होइन । छोराछोरीहरू कठोर व्यवहारको वातावरणमा हुर्कनु हुँदैन । तिनीहरूलाई सुधार गर्न तपाईंले उठाउनु भएको उही हातलाई तिनीहरूलाई प्रेम व्यवहार गर्नका लागि तपाईंले प्रयोग गर्न सक्नुहुन्छ ।

कहिलेकहीं छोराछोरीले ध्यानाकर्षण गर्नका लागि पनि अनाज्ञाकारी रूपले व्यवहार गर्छन् । आमा-बाबु यसमा सचेत बन्नुपर्छ र आफ्ना छोराछोरीका कुरा सुन्नुपर्छ । छोराछोरीसँग हुनका लागि आमा-बाबुले समय छुट्ट्याउनुपर्छ । यदि आमा-बाबुहरू तिनीहरूका आफ्नै काममा अति व्यस्त भए र आफ्ना छोराछोरीका निम्ति समय दिन सकेनन् भने, तिनीहरूमाथि आफ्नो कुनै प्रभाव नरहेको कुरा एक दिन तिनीहरूले पत्ता लगाउनेछन् । अनि छोराछोरीहरू अपराधिक कामको बाटोमा लागेका तिनीहरूले भेट्टाउनेछन् ।

माथि उल्लिखित भूल गर्नबाट प्रभुका निम्ति काम गर्नेहरूले छुट पाएका छैनन् । कोहीले प्रभुलाई घनिष्ठ किसिमले प्रेम गरेका हुन्छन् र पापीहरूका मुक्तिका निम्ति कडा परिश्रम गर्छन्, तर तिनीहरूले तिनीहरूका आफ्नै छोराछोरीलाई गुमाउँछन् । तिनीहरूका आफ्नै घरमा भएकाहरूका मुक्तिमा भन्दा तिनीहरू अरूहरूका मुक्तिमा बढी चासो राख्नेहरू भएका हुन्छन् ! पापपूर्ण जीवनमा जिउने एक जवान मानिसको बारेमा एक विश्वासीले भनेको कुरामा कति धेरै सत्यता थियो : ऊ प्रचारकको छोरा जतिकै खराब छ । यदि तपाईं प्रभुको निम्ति कामदार हुनुहुन्छ भने, तपाईंको परिवारमा यस्तो कुरा हुन नदिनुहोस् ।

८. यदि तपाईंको परिवार छ भने, आमा-बाबुका रूपमा तपाईंले कति राम्रो गर्दै हुनुहुन्छ भनी तपाईं आफैलाई जाँच गर्न चाहनुहुन्छ होला । तपाईंले कस्तो गर्दै हुनुहुन्छ भनी दायापट्टि उल्लिखित वाक्यांशहरूमा + चिन्ह दिएर संकेत गर्नुहोस् ।

## यसका कारिन्दाको भूमिका



उद्देश्य ४. *आफ्ना परिवारहरूका कारिन्दाहरूका रूपमा आफ्ना जिम्मेवारीहरूलाई पूरा गर्ने मानिसहरूका उदाहरणहरूलाई छान्नुहोस् ।*

| आमाबाबुका रूपमा मेरा कर्तव्यहरू | मैले यो राम्रोसँग गरिरहेको छु | म यसलाई अझै राम्रोसँग गर्नसक्छु | यो गर्नका लागि मैले शुरु गर्नु आवश्यक छ |
|---|---|---|---|
| म मेरा छोराछोरीलाई परमेश्वरको वचन सिकाउँछु | | | |
| म मेरा छोराछोरीलाई आज्ञापालन गर्न सिकाउँछु | | | |
| म मेरा छोराछोरीलाई काम गर्न सिकाउँछु | | | |
| म मेरा छोराछोरीलाई कारिन्दापन सिकाउँछु | | | |
| म मेरा छोराछोरीलाई अनुशासन गर्छु र सुधार गर्छु | | | |
| हामी आमा-बाबु दुवै एकल अधिकार हौं भनी म मेरा छोराछोरीलाई देखाउँछु | | | |
| मेरा छोराछोरी कस्ता हुनुपर्छ भन्ने सम्बन्धमा म उनीहरूका निम्ति उदाहरण हुँ | | | |
| म मेरा छोराछोरीसँग प्रेमसाथ व्यवहार गर्छु र तिनीहरूसँग समय बिताउँछु | | | |

परमेश्वरले परिवारहरूका मुक्तिमा विशेष चासो राख्नुहुन्छ (प्रेरित ११:१४; १६:३१-३३)। परिवारका सदस्यहरूले मुक्ति पाएपछि, कारिन्दाले नेतृत्वपनलाई बहन गर्नुपर्छ र यसरी सबैले निरन्तर रूपमा प्रभुको सेवा गर्न सक्छन्।

ख्रीष्टियान घरको कारिन्दाले दोहोरो जिम्मेवारी पूरा गर्छन् भन्ने कुरालाई तपाईंले देखिसक्नुभएको छ : उनी आफ्नी पत्नीका पति र आफ्ना छोराछोरीका बाबु दुवै हुन्। कारिन्दा, विशेष गरी ख्रीष्टियान सेवकको जिम्मेवारी आफ्नो परिवारको व्यवस्थापन गर्नु हो (१ तिमोथी ३:४, १२)। अब हामी यस जिम्मेवारीका तीन पक्षहरूलाई विचार गरौं।

१. *कारिन्दा आफ्नो घरको मर्यादाको निम्ति परमेश्वरको सामु जिम्मेवार हुन्छन्।* प्रायःजसो अवस्थामा घरको विनाश हुनुमाचाहिँ खराब व्यवस्थापन मुख्य कारण रहेको हुन्छ।

२. *कारिन्दा आफ्ना छोराछोरीको व्यवहारको निम्ति पनि जिम्मेवार हुन्छन् ।* उनका छोराछोरी परमेश्वरद्वारा उनलाई दिइएका हुन् भनी हन्नाहले जस्तै उनले महसूस गर्नुपर्छ । यसकारण, उनले तिनीहरूलाई परमेश्वरमा अर्पण गर्नुपर्छ र तिनीहरू उहाँका भएका देख्नुपर्छ (१ शमूएल १:२७-२८) । परमेश्वरले अवश्य नै उनका छोराछोरी विश्वासी भएका र असल आचरण भएका चाहनुहुन्छ (१ तिमोथी ३:४; तीतस १:६) । परमेश्वरले एलीलाई तिरस्कार गर्नुभयो किनभने उनले आफ्ना छोराहरूको खराब आचरण जान्दाजान्दै पनि उनले तिनीहरूको सुधार गरेनन् (१ शमूएल २:२२-३६; ३:११-१४) । दाऊदको अवस्था अझै नाटकीय छ । न्यायसाथ राज्यलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा उनलाई थाहा थियो, तर आफ्नो परिवारलाई कसरी व्यवस्थापन गर्ने भन्ने कुरा उनले जानेका थिएनन् ।

३. *अनि अन्त्यमा, कारिन्दा आफ्नो परिवारको निम्ति जुटाउनलाई जिम्मेवार हुन्छन् ।* धर्मी पिताका रूपमा, परमेश्वरले आफ्ना छोराछोरीको कल्याण गर्नुहुन्छ । परमेश्वरको परिवारका कारिन्दाले यसो गर्नुपर्ने अझै ठूलो कारण छ (मत्ती २४:४५); किनकि यसो नगर्नुचाहिँ विश्वासलाई इन्कार गर्नु र विश्वास नगर्नेहरूभन्दा पनि खराब हुनु हो (१ तिमोथी ५:८) ।

९. आफ्नो परिवारको कारिन्दाको भूमिका पूरा गर्ने व्यक्तिको प्रत्येक उदाहरणको अगाडिपट्टिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. जिमले आफ्नो प्रायःजसो समय घरबाट टाढा बिताउँछन्, र आफ्ना छोराछोरीको आचरणको निम्ति आफ्नी पत्नीलाई नै जिम्मा दिन्छन् ।

ख. टम असल कामदार हुन् र आफ्नी पत्नी र परिवारका लागि पर्याप्त खानेकुरा र लुगाफाटा होस् भन्ने हेतुले उनी पर्याप्त रूपियाँ-पैसा कमाउँछन् ।

ग. एडवार्डकी पत्नी नान्सी उनीहरूका वैवाहिक जीवनमा बेखुशी देखिन्छन् । तिनका भावनाहरूका बारेमा एडवार्ड सरोकारित हुन्छन् र समस्या समाधानका लागि कदम चाल्छन् ।

१०. माथि प्रश्न ९ मा एडवार्ड ती मानिसका उदाहरण हुन् जसले आफ्नो घरका कारिन्दाका रूपमा आफ्नो जिम्मेवारीको एउटा पक्षलाई पूरा गरिरहेका छन् । त्यस पक्षलाई उल्लेख गर्ने वाक्यांशको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. घरको मर्यादा (इमान्दारिता)

ख. छोराछोरीको आचरण

ग. घरको निम्ति प्रबन्ध

## ख्रीष्टियानको घर

उद्देश्य ५. *पाठमा दिईएका सुझावहरूलाई पछ्याई, परमेश्वरको महिमाको निम्ति तपाईंको घरलाई प्रयोग गर्न सकिने केही खास तरीकाहरूको सूची बनाउनुहोस् ।*

## प्रभुको उपस्थितिको निम्ति ठाउँ

कुनै घरहरूमा झुण्डयाइएको पातोमा लेखिएको हुन्छः "ख्रीष्ट यस घरका शिर हुनुहुन्छ, हरेक भोजनमा अदृश्य अतिथि, हरेक कुराकानीका शान्त स्रोता ।" यसमा भएको असल ध्येयले हामीलाई स्मरण गराउँछ कि ख्रीष्ट हाम्रा घरहरूमा उपस्थित हुनुहुन्छ। तब हामी यसमा यही देख्न सकौं कि सबैथोक सफा र व्यवस्थित भएको, छोराछोरीले राम्रोसँग व्यवहार गरेको, कुराकानी स्वस्थकर र सुधार गर्ने किसिमको भएको होस् ।

जखायसको घरमा आउन चाहनुहुने येशूलाई स्वागत गर्न पाउँदा जखायसलाई कति ठूलो आनन्द र आतुरि भएको थियो होला (लूका १९:५-६) । हाम्रा घरमा हामीसँग हुने भावनाहरू अझ बलिया हुनैपर्छ, किनकि ख्रीष्ट सधैंभरि हामीसँग हुनुहुन्छ। हाम्रो घर आनन्द र शान्तिको हरियाली ठाउँ हुनुपर्छ। यसो भन्न दुःख लाग्छ कि कोही विश्वासीहरूले यसलाई विश्वास गर्दैनन् जस्तो देखिन्छ। त्यसको सट्टामा त येशू मण्डलीमा नै बस्नुहुन्छ भनी तिनीहरू विश्वास गर्छन्, त्यस्तो ठाउँ जहाँ तिनीहरूको व्यवहार सन्तहरूको जस्तो हुन्छ। तर मण्डलीमा झैं घरमा आफ्ना आमा-बाबु किन सन्तजस्ता हुँदैनन् भनी बुझ्न नसकेर तिनीहरूका छोराछोरी धेरै अलमलमा पर्छन् ।

घरमा ख्रीष्टको उपस्थितिलाई वास्तविक तुल्याउने एउटा तरीकाचाहिँ पारिवारिक आराधना गर्नु हो। सबैलाई अनुकुल पर्ने समयमा, आमा-बाबु र छोराछोरीहरू परमेश्वरको वचन अध्ययन गर्न र एकसाथ उहाँलाई आराधना गर्न भेला हुन्छन्। पारिवारिक भक्तिले विवाहित दम्पत्तिलाई एकैसाथ रहन र छोराछोरीलाई प्रभुमा आफ्ना आमा-बाबुको आज्ञापान गर्न सहयोग पुऱ्याउनेछ ।

११. परिवारमा आराधना भक्ति गरिँदा तिनीहरूले के गर्छन् ?

.......................................................................................................

## अतिथिहरूका निम्ति आश्रय

हाम्रा घरहरूमा परदेशीहरूलाई स्वागत गर्नु हाम्रा निम्ति आशिष्मय हुन्छ भनी बाइबलले हामीलाई सिकाउँछ, किनकि यसरी नै कसै-कसैले थाहै नपाई स्वर्गदूतहरूको सत्कार गरेका छन् (हिब्रू १३:२) ।

आफ्नो जीवन परिवर्तन भएपछि, मत्तीले ठूलो भोज दिए र येशू र उहाँका चेलाहरूसहित आफ्ना मित्रहरूलाई निमन्त्रणा गरे । आफ्ना मित्रहरूले येशूलाई चिनेका उनी चाहन्थे । हामी पनि यही किसिमको कुरा गर्न सक्छौं । येशूका बारेमा उनीसँग कुराकानी गर्नका लागि हामी एउटा मित्रलाई, विश्वासमा उनलाई उत्साह दिनका लागि नयाँ विश्वासीलाई, हाम्रा अनुभवहरू उनीहरूसँग बाँड्नका लागि जवान व्यक्तिहरूलाई र हाम्रो ख्रीष्टियान प्रेम र संगतिलाई बलियो पार्न सामान्य रूपमा दाजुभाइ तथा दिदीबहिनीहरूलाई निमन्त्रणा दिन सक्छौं । एक ख्रीष्टियान विधवाले आफ्नी एक मात्र छोरीलाई गुमाएकी कारण एकलोपन र निराशको अनुभूति गरिरहेकी थिइन् । कुनै आइतबारको दिन तिनले एक जवान स्त्रीलाई खाना खानको निम्ति निमन्त्रणा दिइन्, जोचाहिँ घरबाट टाढा भएकी कारण निराश भएकी थिइन् । दुवै जना त्यस भेटघाटमा अति नै आनन्दित भएका कारण हरेक आइतबार एकैसाथ भेट्ने निर्णय तिनीहरूले गरे । यसले तिनीहरूका बीचमा गहिरो मित्रता स्थापित भयो र केही समयपछि ती जवान स्त्रीले येशूलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरिन् ।

परमेश्वरका कारिन्दाहरूका रूपमा पास्टरहरू, प्रचारकहरू र प्रभुका अन्य सेवकहरूप्रति अतिथि सत्कार गर्ने कर्तव्य र सौभाग्य हामीसँग छ (१ पत्रुस ४:९; रोमी १२:१३) । सबैभन्दा बढी चाहिँ, प्रभुको निम्ति काम गर्ने व्यक्ति उसको अतिथि सत्कारद्वारा चिनिनुपर्छ (१ तिमोथी ३:२; तीतस १:८) । अगमवक्ता एलीशाका निम्ति कोठा तयार पारिदिने शूनम्मी स्त्री यसकी एक असल उदाहरण हुन् (२ राजा ४:८-११) । अनि नयाँ करारमा, अतिथि सत्कार गर्ने स्त्रीकी अर्को उल्लेखनीय उदाहरण लिडिया हुन् (प्रेरित १६:१४-१५) । प्रेरित पावल र उनीसँग यात्रा गर्नेहरूका लागि आफ्नो घर खोलिदिएर तिनले ठूलो सरोकार देखाएकी थिइन् ।



## समुदायको निम्ति साक्षी

विश्वासीहरूका घरहरू उनीहरूका छिमेकमा उदाहरण हुनैपर्छ। घरमा ख्रीष्टले के गर्न सक्नुहुन्छ भन्ने कुराको साक्षी तिनीहरू हुनैपर्छ। तिनीहरूले आफ्ना समुदायको सामु ख्रीष्टयान गुणहरूलाई प्रदर्शन गर्नैपर्छ (मत्ती ५:१६)।

प्रेरितहरूका दिनहरूमा विश्वासीहरूका घरहरूले मण्डली वृद्धिमा महत्त्वपूर्ण भाग खेलेको छन्। एकसाथ खानलाई (प्रेरित २:४६), प्रार्थना गर्नलाई (प्रेरित १२:१२), वा सेवा संगतिहरू गर्नलाई (रोमी १६:५, २३; १ कोरिन्थी १६:१९; कलस्सी ४:१५) विश्वासीहरूका समूहहरू घर-घरमा भेला हुन्थे। विश्वासीहरूका घरहरूमा नै मण्डली शुरु भयो भन्न सकिन्छ। यसरी नै आज पनि ख्रीष्टियान घरहरू अँध्यारोमा बत्तिहरूजस्तै हुन सक्छन् र आफ्नो छिमेकमा सुसमाचारको ज्योति पठाउन सक्छन् (फिलिप्पी २:१५-१६)। शुरुका समयहरूमा झैं, आज पनि धेरै मण्डलीहरू विश्वासीहरूका घरमा शुरु भएका छन्। तपाईंले प्रार्थना सभाहरू, सुसमाचारीय सेवाहरू र बाल संगति भेलाहरूका निम्ति तपाईंको घर खोल्नसक्नुहुन्छ। कहिले पनि मण्डलीमा नगएका तपाईंका केही छिमेकीहरू तपाईंको घरमा सुसमाचार सुन्नका लागि सहमत हुनसक्छन्।

१२. ख्रीष्टियान घरलाई वर्णन गर्ने तीन वाक्यांशहरूलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस् : १) प्रभुको उपस्थितिको निम्ति ठाउँ; २) अतिथिहरूका निम्ति आश्रय ; र ३) समुदायको निम्ति साक्षी। प्रत्येकको निम्ति चार वा पाँच हरफ खाली छोड्नुहोस्। तब प्रत्येक वाक्यांशको तल, तपाईंको घर त्यस किसिमको बनाउनको लागि तपाईंले गर्न सक्नुहुने केही खास कुराहरूको सूची बनाउनुहोस्। उदाहरणको लागि २) अतिथिहरूका निम्ति आश्रयको मुनि तपाईंले अतिथि सत्कार देखाउन सक्नुहुने केही व्यक्तिहरूको नामको सूची दिन सक्नुहुन्छ।

## स्वयम्-जाँच

१. प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. घरमा पत्नीको जिम्मेवारी के हो भन्ने बारेमा बाइबलले बताएको छैन ।

ख. घरको निम्ति परमेश्वरले दिनुभएको नमूनालाई पतिले पछ्याउनका लागि यसको अगुवाका रूपमा उनले आफ्नो जिम्मेवारीलाई पूरा गर्नैपर्छ ।

ग. पतिचाहिँ घरमा अगुवा भएका हुनाले, यसको निम्ति परमेश्वरको इच्छा खोज्ने बारेमा पत्नीले चाहिँ सरोकार राख्नुपर्दैन ।

घ. ख्रीष्टियान विवाहले पछ्याउनुपर्ने नमूना ख्रीष्ट र मण्डलीको बीचको सम्बन्धको नमूना हो ।

२. बायाँपट्टि दिइएको प्रत्येक बाइबल पद वा बयानलाई दायाँपट्टि दिइएको सम्बन्ध वा सदस्यसँग जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| ....क. ख्रीष्टले मण्डलीलाई प्रेम गर्नु भएझैं प्रेम गर्नु | १) विवाहित दम्पत्ति |
| ....ख. एफिसी ६:१-३ | २) पति |
| ....ग. परमेश्वरले जोड्नुभएको कुरालाई नछुट्ट्याउनु | ३) पत्नी |
| ....घ. घरको हेरचाहा गर्नु | ४) छोराछोरी |
| ....ङ. परमेश्वरको वचन सिकाउनु | ५) आमा-बाबु |
| ....च. १ कोरिन्थी ७:३-५ | |
| ....छ. एफिसी ५:२५ | |

३. ख्रीष्टयान घरको कारिन्दाको “दोहोरो भूमिका” को अर्थ उसका कुन दुवै जिम्मेवारीहरू हुन् ?

क. कामदार र प्रबन्धक ।

ख. शिक्षक र अगुवा ।

ग. पति र पिता ।

४. मानिलिऔं ख्रीष्टियान कारिन्दाहरू अतिथिसत्कार गर्नेहरू हुनुपर्छ भनी तपाईं एउटा कक्षालाई सिकाउँदै हुनुहुन्छ। बायाँपट्टि दिइएको बाइबल पदसँग तपाईं यसलाई कसरी आफ्नो शिक्षणमा प्रयोग गर्न सक्नुहुन्छ भनी दायाँपट्टि दिइएको वाक्यांशलाई जोडा मिलाउनुहोस्।

| | |
|---|---|
| ....क. २ राजा ४:८-११ | १) अतिथि सत्कारको उदाहरण दिने |
| ....ख. प्रेरित १६:१४-१५ | २) अतिथिसत्कार ख्रीष्टियान सेवकको चरित्र हो भनी देखाउने |
| ....ग. रोमी १२:१३ | |
| ....घ. १ तिमोथी ३:२ | ३) ख्रीष्टियानहरू अतिथिसत्कार गर्नेहरू हुनुपर्छ भनी देखाउने |
| ....ङ. तीतस १:८ | |

## अध्ययन प्रश्नहरूका उत्तरहरू

७) तपाईंको उत्तरले यसो भनेको हुनसक्छः बालकलाई अनुशासन गर्ने र सुधार गर्ने आमा-बाबुले यही प्रकट गरेका हुन्छन् कि उनीहरू बालकको भविष्यप्रति सरोकारित छन् र परिपक्व र जिम्मेवारपूर्ण व्यक्ति बन्नका लागि उसलाई सहयोग पुऱ्याउन चाहन्छन् ।

१) ख) उहाँले यसलाई सृष्टि गर्नुभयो ।

८) तपाईंको उत्तर । तपाईंले सुधार गर्न सक्नुहुने कुनै क्षेत्रहरूलाई के तपाईं देख्नुहुन्छ ? अझै असल आमा-बाबु तपाईं कसरी बन्न सक्नुहुन्छ भनी प्रभुलाई देखाउनुहोस् भनी उहाँसँग विन्ती गर्नुहोस् ।

२) तपाईंको उत्तरमा यी धारणाहरू समावेश हुनैपर्छः ख्रीष्टियान घरमा हुने सम्बन्धहरूलाई १ कोरिन्थी ११:३ र एफिसी ५:२२-६:४ मा वर्णन गरिएको छ । यी पदहरूले हामीलाई देखाउँछन् कि परमेश्वरले परिवारमा अधिकार जुटाउनुभएको छ, सर्वोच्च अधिकारका रूपमा ख्रीष्ट र आफ्नी पत्नीका शिरका रूपमा पति । परिवारमा अधिकारको अभ्यास गर्नेहरूले ख्रीष्टको उदाहरणलाई पछ्याउनुपर्छ ।

९) ख) टम ।
ग) एडवार्ड ।

३) क) प्रार्थनामा समय बिताउनका लागि ।
ख) पहिले नै तिनीहरू सहमत हुनुपर्छ ।

१०) क) घरको मर्यादा (इमान्दारिता) ।

४) क) बेठीक ।

ख) ठीक ।

ग) बेठीक । (विवाहविच्छेदद्वारा छोराछोरीमा प्रतिकुल असर पर्ने भए तापनि, मत्ती १९:६ अनुसार परमेश्वरद्वारा निर्धारण गरिएको सम्बन्धमा मानवीय हस्तक्षेप भएको कारण विवाहविच्छेद गल्ती हो ।)

११) एकसाथ परमेश्वरको वचन अध्ययन गर्न र आराधना गर्न तिनीहरू भेला हुन्छन् ।

५) एफिसी ५:२२-२४ मा दिइएको विवाहित दम्पत्तिको निम्ति भएको नमूना गलाती ३:२८ मा दिइएको समानताको सिद्धान्तले हटाउँदैन भनी तपाईंले उत्तर दिनुभयो होला । यसका अतिरिक्त, पत्नीहरुका खण्डमा दिइएका अन्य बाइबल पदहरू र कारणहरूलाई पनि तपाईं समावेश गर्न सक्नुहुन्छ ।

१२) तपाईंको उत्तर । प्रभुको महिमा गर्नका लागि आफ्नो घरलाई तपाईंले कसरी प्रयोग गर्न सक्नुहुन्छ भन्ने धारणा तपाईंलाई दिन तपाईंले अध्ययन गर्नुभएका कुराले सहयोग पुऱ्यायो होला भन्ने कुरामा म आशावादी छु ।

६) क) ठीक, एफिसी ५:२८ ।

ख) बेठीक, एफिसी ५:२५, कलस्सी ३:१९ ।

ग) बेठीक, एफिसी ५:२८-२९ । (किनकि दुई एउटै हुन्, निस्वार्थी भावमा आफ्नी पत्नीलाई प्रेम गर्ने पतिले आफैलाई प्रेम गरेका हुन्छन् ।)